# नेपाल गजेट

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १४ ] काठमाडौं, मार्ग १ गते २०२१ साल [ अतिरिक्ताङ्क १८ (ग)


श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०२१ सालको ऐन नं. २८

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला ओजस्विराजन्य अति तेजस्वी त्रिभुवन प्रजातन्त्रश्रीपद अति कीर्तिमय नेपालश्रीपद प्रोज्ज्वल नेपालतारा ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखा-दक्षिणबाहु महाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

नगर पञ्चायत ऐनलाई संशोधन गर्न बनेको ऐन

**प्रस्तावना:–** नगर पञ्चायत ऐन, २०१९ (यसपछि मूल ऐन भनिएको) लाई संशोधन गर्न वाञ्छनीय भएकोले,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाईबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस ऐनको नाम "नगर पञ्चायत (संशोधन) ऐन, २०२१" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. मूल ऐनको दफा २ मा संशोधनः– (१) मूल ऐनको दफा २ को खण्ड (ख) को सट्टा देहायबमोजिमको खण्ड (ख) राखिएकोछ :–

(ख) "घर" भन्नाले कुनै खास कामको लागि बढीमा २ वर्ष निमित्त अस्थायी रूपमा बनाइएको बाहेक जमीन मुनि वेर्को गाह्रो वा भित्ता बनाई वा लट्ठा वा खम्बा गाडि छाना वा छत लगाइएको बनोटलाई जनाउँछ ।

(२) मूल ऐनको दफा २ को खण्ड (छ) खारेज गरिएकोछ । सो खण्ड पछिको खण्ड (ज), (झ), (ञ) र (ट) लाई क्रमशःखण्ड (छ), (ज) (झ) र (ञ) गरिएको छ ।

३. मूल ऐनको दफा ८ मा संशोधनः– मूल ऐनको दफा ८ को उप–दफा (२) को सट्टा देहाय बमोजिमको उप–दफा (२) राखिएको छः–

(२) उप–दफा (१) बमोजिम निर्वाचन गर्दा मत बराबर भएमा निर्वाचन अफिसरले गोला प्रथाद्वारा निर्णय गर्नेछ ।

४. मूल ऐनको दफा ९ मा संशोधनः–(१) मूल ऐनको दफा ९ को उप–दफा (२) को सट्टा देहाय बमोजिमको उप–दफा (२) राखिएकोछः–

(२) नगर पञ्चायतका प्रत्येक निर्वाचित सदस्यको पदावधि निजले शपथ ग्रहण गरेको मितिले ६ वर्षको हुनेछ ।

(२) मूल ऐनको दफा ९ को उप–दफा (३) मा रहेको "सो रिक्त स्थानको पूर्ति गरिने छ" भन्ने वाक्यांशको सट्टा "सो रिक्त स्थानको पूर्ति यथाशिघ्र गरिनेछ" भन्ने वाक्यांश राखिएकोछ ।

५. मूल ऐनको दफा १० मा संशोधनः– मूल ऐनको दफा १० को उप–दफा (२) लाई खारेज गरी उप–दफा (३) लाई उप–दफा (२) गरिएको छ ।

६. मूल ऐनको दफा ११ मा संशोधनः– मूल ऐनको दफा ११ मा प्रयोग गरिएको "स्थानीय हाकिम" भन्ने शब्दहरूको सट्टा "जिल्ला पञ्चायत सभापति" भन्ने शब्दहरू राखिएकोछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. मूल ऐनको दफा १२ मा संशोधनः– मूल ऐनको दफा १२ को सट्टा देहाय बमोजिमको दफा १२ राखिएकोछः–

१२. राजिनामाः– प्रधान पञ्चले जिल्ला पञ्चायतका सभापति छेउ, उप–प्रधान पञ्च र अरू सदस्यहरूले प्रधान पञ्च छेउ आफ्नो हस्ताक्षरले राजिनामा लेखी पदत्याग गर्न पाउँछ ।

८. मूल ऐनको दफा १५ मा संशोधनः– मूल ऐनको दफा १५ को उप–दफा (३) पछि देहाय बमोजिमको उप–दफा (४) थपिएकोछः–

(४) यस ऐनको अरू दफाहरूमा जेसुकै लेखिएको भए तापनि कुनै निर्वाचित सदस्यको स्थान रिक्त भएमा सो रिक्तताको कारणले नगर पञ्चायतको कार्य जारी राख्न बाधा पर्ने छैन ।

९. मूल ऐनको दफा १७ मा संशोधनः– (१) मूल ऐनको दफा १७ को उप–दफा (२) को खण्ड (ण) पछि देहाय बमोजिमको खण्ड (त) थपिएकोछः–

(त) प्राचिन एवं पुरातात्विक वस्तुहरूको संरक्षण र प्रारम्भिक अनुसन्धान गर्ने ।

(२) मूल ऐनको दफा १७ को उप–दफा (३) को सट्टा देहाय बमोजिमको उप–दफा (३) राखिएकोछः–

(३) नगरका अधिकांश जनताको सुविधाको लागि विजूली, पानी तथा अन्य यस्तै आवश्यक कुराहरूको व्यवस्था मिलाउने वा सो व्यवस्था मिलाउनका लागि आफ्नो खर्चबाट मात्र सम्भव नभए त्यस्तो काम गर्न कम्पनी सित मिली व्यवस्था मिलाउने वा त्यस्तो काम गर्न कुनै स्वीकृति प्राप्त कम्पनी-को शेयर किनी कम्पनीलाई सो काम गर्न प्रोत्साहित गर्ने,

(३) मूल ऐनको दफा १७ को उप–दफा (३) पछि देहाय बमोजिमको उप–दफा (४) थपिएकोछः–

(४) नगर पञ्चायतले आफ्नो क्षेत्रमा श्री ५ को सरकार शिक्षा मन्त्रालयको पूर्व स्वीकृति लिई अनिवार्य तथा निःशुल्क प्राथमिक शिक्षा लागू गर्ने मिति तोकेछ र सो मिति देखी पाठशालामा अनिवार्य रूपमा ६ वर्ष देखी १० वर्षसम्मका प्रत्येक बालक, बालिकालाई निजका अभिभावकले पठाउनु पर्नेछ ।

१०. मूल ऐनको दफा २९ मा संशोधनः– मूल ऐनको दफा २९ को उप–दफा (३) पछि देहायको उप–दफा (४) थपिएको छः–

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) कुनै नगर पञ्चायतको प्रधान पञ्चले आफ्नो ओहदाको हैसियतले प्रचलित नेपाल कानून वा सम्बन्धित पञ्चायतको निर्णय बमोजिम गरेको वा गर्नु पर्ने कुनै कामको सम्बन्धमा कुनै अड्डा अदालतमा कसैको कुनै नालेस, उजुर वा अपील परि समन इतलायनामा, म्याद, पूर्जि सूचना त्यस्तो प्रधान–पञ्च उपर तामेल हुँदा त्यस्तो प्रधानपञ्च आफै त्यस्तो अड्डा अदालतमा उपस्थित हुन वा वारीसनामा दिइ सो पञ्चायतको अन्य कुनै सदस्यलाई आफ्नो तर्फबाट त्यस्तो अड्डा अदालतमा उपस्थित गराउन वा आफू वा वारीस उपस्थित नभई आफ्नो व्यहोरासम्म लेखी त्यस्तो अड्डा अदालतमा दाखिल गर्न गराउन सक्नेछ । नगर पञ्चायतको प्रधानपञ्च वा निजको वारीसलाई हाजिर नगराइ नहुने अवस्था परि सम्बन्धित अड्डा अदालतले आदेश दिएमा बाहेक त्यस्तो कुनै मुद्दामा नगर पञ्चायतको प्रधान पञ्च वा निजको वारीस तारीखमा हाजिर भै रहनु पर्नेछैन ।

११. मूल ऐनको दफा ३५ मा संशोधनः– (१) मूल ऐनको दफा ३५ को उप–दफा (१) को प्रतिबन्धात्मक वाक्यांशमा रहेको "श्री ५ को सरकारले अन्यथा आदेश दिएकोमा बाहेक" भन्ने शब्दहरू झिकिएको छ ।

(२) मूल ऐनको दफा ३५ को उप–दफा (४) लाई खारेज गरिएकोछ ।

१२. मूल ऐनको दफा ३७ मा संशोधनः– मूल ऐनको दफा ३७ को खण्ड (ख) मा "दायां बायांका रूखहरू" भन्ने शब्दहरू पछि "ढुंगा, वालुवा र खोलाको माछाहरू" भन्ने शब्दहरू थपिएकोछ ।

१३. मूल ऐनको दफा ३९ मा संशोधन :– (१) मूल ऐनको दफा ३९ को उप–दफा (१), (२), (३), (४), र (५) को सट्टा देहाय बमोजिमको उप–दफा (१), (२), (३), (४) र (५) राखिएकोछः–

(१) नगर पञ्चायतले आफ्नो इलाका भित्र पर्ने घरको आकार प्रकार हेरि प्रत्येक घरमा वार्षिक रूपैयां १० मा नबढाई तोकिए बमोजिमको कर लगाउन सक्नेछ, र त्यस्तो कुनै घर, पसल वा कुनै जग्गा ग्यारेज, इत्यादि वहालमा दिइएको रहेछ भने सो करका अतिरिक्त वहाल अंकको सयकडा २ मा नबढाइ वहालमा दिने व्यक्तिबाट वहाल कर असुल गर्न सक्नेछ;

(२) नगर पञ्चायतले आफ्नो इलाकाभित्र तोकिएको व्यापार व्यवसाय वा पेशामा तोकिय बमोजिम कर दस्तुर वा लाइसेन्स फी लगाइ असुल गर्न सक्नेछ

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) अनिवार्य तथा निःशुल्क प्राथमिक शिक्षा योजना आफ्नो क्षेत्रमा लागू गर्ने नगर पञ्चायतले अतिरिक्त शिक्षा कर उठाउन सक्नेछ र सो बमोजिम अतिरिक्त शिक्षा कर उठाउँदा नगर पञ्चायतले आफ्नो इलाकाभित्र स्थायी बसोबास गरी रहेको ६ वर्ष देखी १० वर्षसम्मका बालक, बालिकाहरूको जम्मा संख्यालाई ५० ले गुणा गरी त्यसबाट आएको संख्या बमोजिमको रकममा नबढाई जम्मा उठाउन सकिने करको रकम कायम गरी सो रकम मध्ये आवश्यक भए जति रकम आफ्नो इलाका भित्रका घरधनी जग्गा धनी व्यापारी र कुनै पेशा वा व्यवसायमा लागेको व्यक्तिसंग तोकिय बमोजिम उठाउन पर्छ ।

(४) नगर पञ्चायतले आफ्नो इलाका भित्र तोकिएको किसिमको प्रत्येक सवारीमा तोकिए बमोजिमको कर लगाउन सक्नेछ,

(५) अनिवार्य तथा निःशुल्क प्राथमिक शिक्षा लागू गरिएकोमा बाहेक नगर पञ्चायतले आफूले चलाएको शिक्षालयमा तोकिए बमोजिमको फी लगाउन सक्नेछ ।

(२) मूल ऐनको दफा ३९ को उप–दफा (६), (७) र (८) लाई क्रमशः उप–दफा (८), (९) र (१०) गराइ देहाय बमोजिमको उप–दफा (६) र (७) थपिएको छः–

(६) नगर पञ्चायतले परिच्छेद–७ बमोजिम आफ्नो इलाकाभित्रको कुनै घर सम्बन्धी नक्सा पास गर्दा सो वापत तोकिए बमोजिम दस्तुर लगाइ लिन सक्नेछ ।

(७) प्रचलित नेपाल कानून बमोजिम नगर पञ्चायतले कुनै घर जगाको पञ्चकृति मोल तोक्नु पर्ने कर्तव्य भएकोमा सो वापत तोकिए बमोजिम दस्तुर लगाइ लिन सक्नेछ ।

१४. मूल ऐनको दफा ४३ मा संशोधनः– मूल ऐनको दफा ४३ को उप–दफा (२) को पहिलो पंक्तिमा रहेको "नगर पञ्चायतको सिफारिशमा भै" भन्ने शब्दहरूको सट्टा "जिल्ला पञ्चायतको सिफारिश" भन्ने शब्दहरू राखिएकोछ ।

१५. मूल ऐनको दफा ४४ मा संशोधनः– मूल ऐनको दफा ४४ को उप–दफा (२) पछि देहाय बमोजिमको उप–दफा (३) थपिएको छः–

(३) नगर पञ्चायतका प्रधानपञ्च वा उप–प्रधान पञ्च वा कुनै सदस्यले आफ्नो पदको अधिकार दुरुपयोग गरेमा श्री ५ को सरकारले जिल्ला पञ्चायतको सिफारिसमा निजलाई निजको पदबाट हटाउन सक्नेछ र यसरी खाली हुन आउने पदमा पुनः निर्वाचन गरिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१६. मूल ऐनको दफा ४५ मा संशोधनः– (१) मूल ऐनको दफा ४५ को खण्ड (क) लाई खारेज गरिएको छ र खण्ड (ख), (ग) र (घ) लाई क्रमशः खण्ड (क, (ख) र (ग) गरिएको छ ।

(२) मूल ऐनको दफा ४५ को खण्ड (घ) अव भएको खण्ड (ग) को सट्टा देहाय-बमोजिम को खण्ड (ग) राखिएको छः–

(ग) नगर पञ्चायतले गर्नुपर्ने कुनै काम नगरेबाट सार्वजनिक स्वास्थ्य वा सुरक्षामा खतरा भएमा वा हुन जाने सम्भावना भएमा वा सार्वजनिक हितकोदृष्टिले कुनै काम गर्नु आवश्यक भएमा नगर पञ्चायतलाई सो काम गर्न सामान्य निर्देशन दिई गर्न लगाउने ।

१७. मूल ऐनको दफा ४७ मा संशोधन :– मूल ऐनको दफा ४७ को सट्टा देहाय बमोजिमको दफा ४७ राखिएको छ :–

४७. हद पुगेका निस्सा दाखिल गर्नपर्नेः– (१) नयाँ जग्गामा घर बनाउन निमित्त दफा ४६ बमोजिम नक्सा सहित दरखास्त पेश गर्दा आफ्नो हक भोगको जग्गामा बनाउने भए हक भोगको निस्सा र अरुका हक भोगको जग्गा-मा बनाउने भए जग्गा धनीको हक भोगको निस्सा सहित निजले मञ्जूरीको लिखत समेत पेश गर्नुपर्छ ।

(२) तिरो कर नलागेको कारणबाट हक भोगको लिखित निस्सा नभए पनि आफ्नो हक भोग भएको जग्गा हो भने सो व्यहोरा जनाई नक्सा दरखास्त पेश गरेमा दफा ४८ बमोजिम गर्दा कसैको उजर नपरे वा हक भोग नदेखिए उप–दफा (१) बमोजिम लिखत सबूद दाखिल नगरे पनि नगर पञ्चायतले कारवाई गर्नेछ ।

१८. मूल ऐनको दफा ४८ मा संशोधनः– मूल ऐनको दफा ४८ मा रहेको "ओभरसियर" भन्ने शब्दको सट्टा "इञ्जिनीयर वा ओभरसियर" भन्ने शब्द राखिएको छ ।

१९. मूल ऐनको दफा ४९ मा संशोधनः– मूल ऐनको दफा ४९ को उप–दफा (१) मा रहेको "ओभरसियर" भन्ने शब्दको सट्टा "इञ्जिनीयर वा ओभरसियर" भन्ने शब्दहरू राखिएको छ ।

२०. मूल ऐनको दफा ५३ मा संशोधनः– मूल ऐनको दफा ५३ को उप–दफा (३) मा रहेको "जिल्ला पञ्चायत" भन्ने शब्दहरूको सट्टा "जिल्ला अदालत" भन्ने शब्दहरू राखिएको छ,

२१. मूल ऐनको दफा ५५ मा संशोधनः– मूल ऐनको दफा ५५ को सट्टा देहाय बमोजिमको दफा ५५ राखिएको छ :–

५५. अधिकार सुम्पन सक्नेः– (१) श्री ५ को सरकारले यस ऐन बमोजिम प्राप्त सबै वा केही अधिकार श्री ५ को सरकारको आदेश बमोजिम प्रयोग गर्न पाउने गरी कुनै अधिकारीलाई सुम्पन सक्नेछ ।

आधिकारिकता [illegible] विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) श्री ५ को सरकारसित सम्पर्क राख्नु पर्ने कुरामा नगर पञ्चायत वा उप–दफा (१) बमोजिम अधिकार प्राप्त अधिकारी वा जिल्ला पञ्चायत पञ्चायत मन्त्रालय मार्फत् सम्पर्क राख्नु पर्दछ।"

२२. मूल ऐनको दफा ५६ पछि ५६ क थप्नेः– मूल ऐनको दफा ५६ पछि देहाय बमोजिमको दफा ५६ क. थपिएको छः–

५६. क. जरिवाना वा बिगो नगर पञ्चायतद्वारा असूल गराउनेः– (१) अन्य प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ भएपछि अदालत वा मुद्दा मामिला सुनी इन्साफ गर्ने अधिकार पाएका अन्य कुनै अधिकारीबाट अन्तिम निर्णय भएका मुद्दामा लगत बमोजिम आफ्नो इलाका भित्र सरकारी बिगो र जरीवाना असूल गर्ने कर्तव्य सम्बन्धित नगर पञ्चायतको हुनेछ।

(२) उप–दफा (१) बमोजिमको कर्तव्यको पालन गर्दा तत्सम्बन्धमा यो ऐन प्रारम्भ हुँदाका वखत कानून बमोजिम अन्य कुनै अधिकारी लाई प्राप्त भै रहेको अधिकार यो ऐन प्रारम्भ भएपछि सम्बन्धित नगर ञ्चायतले प्रयोग गर्न सक्नेछ।

(३) यस दफा बमोजिम नगर पञ्चायतले असूल उपर गरेको रकमको सयकडा २५ सम्बन्धित नगर पञ्चायतलाई कमिशन दिइनेछ र सो नगर पञ्चायतको कोषमा आम्दानी बाँधिनेछ।

२३. मूल ऐनको दफा ६२ मा संशोधनः– मूल ऐनको दफा ६२ को सट्टा देहाय बमोजिमको दफा ६२ राखिएको छः–

६२ रूपान्तरः– (१) प्रचलित नेपाल कानूनमा "म्यूनिसिपल्टी" भन्ने वा नगर-पालिका भन्ने लेखिएको ठाउँहरूमा सो शब्दको सट्टा "नगर पञ्चायत" शब्द राखिएको छ।

(२) मूल ऐनमा "स्थानीय हाकिम" लेखिएको ठाउँहरूमा सो शब्दको सट्टा "जिल्ला पञ्चायत" शब्द राखिएको छ।

(३) मूल ऐनमा "उप–नियम" लेखिएका ठाउँहरूमा सो शब्दको सट्टा "विनियम" शब्द राखिएको छ।

लालमोहर सदर मिति २०२१।८।१।२ मा

आज्ञाले–
विनोदप्रसाद धिताल
श्री ५ को सरकारको सह–सचिव।

श्री ५ को सरकारका छापाखानामा मुद्रित।

255

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।